आधा दर्जन गाउँ जोड्दै झोलुङ्गेपुल । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१६, अंक-०६ ● २०८० भाद्र ०४ गते सोमबार, ● 21 Aug., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# अतिथिलाई 'कोशेली' हरियो तरकारी



◆ विकास संवाददाता

प्रमुख अतिथिलाई दिने मायाको चिनो राम्रो दिनु पर्छ भन्ने आम मान्यता र प्रचलन छ । अझ उद्योगी व्यवसायीको कार्यक्रमका सहभागी अतिथि र प्रमुख अतिथिलाई दिने मायाको चिनो त सामान्य होइन विशिष्ट नै हुन्छ भन्नु स्वाभाविक नै हो ।

मकवानपुरको थाहा नगरपालिकामा भने यो पटक मायाको चिनो दिने फरक शैली र प्रयोग भएको छ। नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समितिको आयोजनामा भएको कार्यक्रममा आउने अतिथिलाई मायाको चिनो तरकारी दिइयो । नेपाल तरकारी तथा फलफूल व्यवसायी सङ्घ थाहानगरले अतिथिलाई कार्यक्रममा बिदाइ गर्दै खुर्सानीदेखि आलुसम्मको प्याकेज बनाएर तरकारी कोसेली दिएको सङ्घका अध्यक्ष राजेन्द्र बिडारीले जानकारी दिए ।

थाहा नगरपालिकामा उत्पादन हुने मौसमी तथा बेमौसमी तरकारीले काठमाडौं उपत्यकादेखि प्रदेश राजधानी हेटौंडाहुँदै पोखरा, नारायणगढ र भारतीय सीमावर्ती सहर रक्सौलदेखि पटनासम्मको मागलाई धान्ने गरेको छ । तरकारी उत्पादन गर्दा पर्ने किसानको मेहनतको महत्वसँगै थाहा नगरपालिकामा हुने तरकारी उत्पादनको महतब बुझाउन र यहाँ उत्पादित तरकारीबारे फैलने अफवाह चिर्न पनि कोसेली स्थानीय उत्पादन तरकारीको १० केजीको प्याकेज बनाएर अतिथिलाई प्रदान गर्दै आएको अध्यक्ष बिडारीले बताए । अतिथिलाई अहिले थाहा नगर पालिकाको खेतबारीमा उत्पादन भइरहेको आलु, काउली, बन्दा, भेडे खुर्सानी, माछे खुर्सानी र अकबरे खुर्सानीको प्याकेट बनाएर दिइएको थियो । त्यसो त प्रमुख अतिथि, अतिथिको तस्विर, मन्दिरलगायत मूर्तिकला पनि मायाको चिनोका रूपमा दिइन्छ । पछिल्लो समयमा मकवानपुरमा जिल्लाकै पहिचान र नामसँग जोडिएको काठको ठेकी मायाको चिनो दिने गरेको देखिन्छ । अध्यक्ष बिडारीले उद्योग वाणिज्य महासंघ प्रदेशदेखि नगर तथा जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी लगायतका १२५ जना अतिथिलाई हरियो तरकारी संकलन गरी प्याकेट बनाएर कार्यक्रमको समापनसँगै प्रदान गरिएको बताए ।

कार्यक्रमको समन्वय गरेको थाहा नगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले कार्यक्रमममा आएका पाहुनालाई मायाको चिनो प्रदानमा नयाँ प्रयोग र अभ्यासको थालनी गरिएको बताए । "मायाको चिनो के दिने भन्ने विषयमा हामी अन्योलमा थियौं, हामीले धेरै पटक विभिन्न सजावटका सामग्री मायाको चिनोस्वरूप दियौं तर ती सामान घर लगेपछि अतिथिलाई व्यवस्था गर्न नै समस्या र झन्झट हुने, उपयोगमा पनि नआउने गरेको पायौं । त्यसैले स्थानीय उत्पादनलाई प्राथमिकता दिने निर्णयमा पुग्यौं," उनले भने ।

### थाहानगर प्रमुख विष्णु बहादुर विष्टले भने

# 'ढुक्क भएर लगानी गर्नुहोस्'

विकास संवाददाता
थाहानगर

मकवानपुरको पर्यटकीय नगरी थाहामा गरिएको लगानी सुरक्षित हुने बताउँदै उद्योगी व्यवसायीलाई ढुक्क भएर लगानी गर्न नगर प्रमुख विष्णु बहादुर विष्टले आग्रह गरेका छन् । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समितिले ३२ साउनमा थाहानगरको जेसिज भवनमा आयोजित बिषयगत समितिहरूबीच परिचयात्मक तथा उद्योगी व्यावसायिहरूले भोग्नुपरेको समस्या विषयक छलफल कार्यक्रममा नगर प्रमुख विष्टले यस्तो बताएका हुन् ।

थाहानगर कृषि र पर्यटनको उर्वर क्षेत्र रहेको उल्लेख गर्दै पालिकाले व्यवसायीमैत्री भएर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । विष्टले प्रकृतिले अथाहा दिएको थाहानगरामा लगानीको खाँचो रहेको बताउँदै उद्योगी व्यावसायीहरू कृषि र पर्यटन उद्योगमा लगानी गर्न इच्छुक भए नगरपालिका सहयोग गर्न तत्पर रहेको बताए । 'सिमभन्ज्याङ केवलकार र दामन-सिमभन्ज्याङ क्षेत्रमा मोनोरेलको सम्भावना बोकेकोले नेपालका तराई र भारतसम्मका पर्यटकलाई पालिकाको दक्षिणी नाकाबाट प्रवेश गराउन सकिने बताए । थाहा नगरपालिकाले उद्योग वाणिज्य संघसंग सहकार्य गरि छिट्टै लगानी सम्मेलनको आयोजना गर्ने उनको भनाइ थियो । नगर प्रमुख विष्टले सम्पुर्ण उद्योगी व्यावसायीहरूलाई थाहा नगरपालिकामा स्वागत गर्न पाउँदा उत्साहित भएको बताए ।



कार्यक्रमका प्रमुख अतिथी तथा नेपाल उद्योग वाणिज्य संघका जिल्ला तथा नगर उपाध्यक्ष सुरकृष्ण बैद्यले थाहा नगरपालिकाले धेरै क्षेत्रमा नहेरी कृषि र पर्यटनमा मात्र केन्द्रित रहि आफ्नो पहिचान सहित अगाडि बढाउन अनुरोध गरे । वैद्यले लगानीको वातावरण बनाउन नेपाल उद्योग वाणिज्य महासंघ तयार र हेको सुनाए । उपाध्यक्ष बैद्यले दामन क्षेत्र हिजो जस्तो आज पनि उस्तै रहेको आफुले महशुस गरेको बताउदै थाहानगरमा नेपाल उद्योग वाणिज्य महासंघ र प्रदेश महासंघ मिलेर पर्यटन उद्योगको लागि लगानी सम्मेलन गर्न इच्छुक रहेको बताउँदै सहयोगका लागि प्रतिवद्धता जनाए । उनले व्यावसायीहरूले लगानीको संरक्षण र व्यावसायीलाई सम्मान खोजेको बताउदै उद्योगी व्यवसायीहरूलाई एक अंकको व्याजदरमा बैंक कर्जा प्रवाह, एल.सी. कार्यान्वयनमा सहजता, आयातको लागि सहजता, औद्योगिक क्षेत्रको जमिन भाडा सरल र सहज हुनुपर्ने धारणा राखेका थिए । एकद्धार प्रणालीबाट उद्योग दर्ता, नयाँ उद्योग स्थापना गर्न औद्योगिक क्षेत्रमा सहज जमिनको उपलब्धता आवश्यक रहेको उनको भनाइ थियो ।

छलफल कार्यक्रममा विभिन्न जिल्ला तथा नगर उद्योग वाणिज्य संघका प्रतिनिधित्व गरेर कार्यक्रममा सहभागी भएका उद्योगी व्यावसायीहरूले आफ्नो व्यवसायमा परेको समस्या नेतृत्व समक्ष राखेका थिए । उनीहरूले सहकारीमा देखिएको समस्याले साना उद्योगी व्यावसायीहरू मारमा परेको गुनासो गरेका थिए । दशै, तिहार जस्ता चाडपर्वमा चाइनाबाट सामान ल्याउन समस्या रहेको, जिल्ला तथा नगरमा रहेका उद्योग वाणिज्य संघलाई महासंघले हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्ने धारणा राख्दै महासंघ नेतृत्व सिंहदरबार छिर्ने पास मात्र भएको धारणा राखे । महासंघ ठूला व्यापारीको हितमा मात्र बनेको भन्ने भान आमव्यावसायीमा परेको बताउदै नेतृत्वको खवरदारी गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको सभाध्यक्षमा भएको कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, नगरका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, केन्द्रिय सदस्य तारा बहादुर कार्की, पुर्व उपाध्यक्ष दिनेश श्रेष्ठ लगायत बागमती प्रदेश भित्र रहेका जिल्ला तथा नगर उद्योग वाणिज्य संघका २ सय बढी व्यावसायीहरूको उपस्तिथि रहेको थियो ।

थाहानगर आएका उद्योगी व्यवसायीहरूलाई थाहानगर उद्योग वाणिज्य संघ तथा थाहा नगरपालिकाले विभिन्न झाँकी तथा बजागाजासहित स्वागत गरेको थियो । नगरको गोपालीगाउँदेखि जेसिजमार्ग हुँदै सभाहलसम्म पालुङको महिला नौमती बाजा, नेवारी बाजा तथा लाखे नाच प्रदर्शन गर्दै स्वागत गरिएको थियो ।

# मनहरीमा वडैपिच्छे पालैपालो कार्यपालिका बैठक

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाको गाउँ कार्यपालिका बैठक प्रत्येक वडा कार्यालयमा बस्ने जनाइएको छ ।

३२ भाद्रमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं कार्यपालिकाका सदस्यसचिव मोहनकुमार श्रेष्ठले यो कुरा जानकारी दिएका हुन् । 'कार्यपालिका बैठकलाई पालिकामा मात्र सीमित नराख्ने उद्देश्यले जनप्रतिनिधिले नै यो निर्णय गर्नुभएको हो', श्रेष्ठले भने, 'कतिपय सदस्यहरू टाढाबाट पनि आउनुपर्ने भएकाले सबैलाई समान गर्न यो नयाँ अभ्यास थालेका हौं ।' गाउँपालिकाको कार्यपालिका वैठक नियमित गर्न केही समयअघि महिनाको २ पटक अनिवार्य गर्ने निर्णय भएको थियो ।



# • सम्पादकीय •

## उपभोक्ता हितमा ध्यान देउ

आम उपभोक्ताका लागि सबैभन्दा बढी राज्यले ध्यान दिनुपर्छ । उत्तिकै सतर्क पनि हुनुपर्छ । खासगरी खाद्यपदार्थका नाममा अखाद्यको बोलवाला हुन गयो भने त्यसले महामारी जन्माउँछन् । एउटा मान्यता के छ भने ९० प्रतिशत रोग भान्साबाट फैलिन्छ । तर कुनै पनि एकजना मान्छे आफू र आफनो परिवार रोगग्रस्त होस् भन्न चाहँदैन । तर यस्तो हुँदाहुँदै पनि त्यही भान्सा रोगका कारण बन्छ भने तिनले उपभोग गर्ने बजारमा उपलब्ध वस्तुहरू गुणस्तरयुक्त छैनन् । यस्ता खाद्यका नाममा अखाद्य वस्तुको बेचविखन हुने गरिने अवस्थाको त्यसकारण कडाइका साथ नियन्त्रण गर्नुपर्छ भनेर निरन्तर माग भइरहेको पाइन्छ । यस्ता वस्तुहरूको बजारमा विस्तार हुन नपाओस् भन्ने मात्र होइन । तिनका उत्पादनमा पनि त्यतिकै कडाइका साथ रोक लगाउन आवश्यक हुन्छ । संसारभर सबैभन्दा बढी कडाइ गरिएका वस्तु नै खाद्य हुने गर्छन् । यता नेपालमा भने सबैभन्दा सहजरूपले उत्पादन र बेचविखन हुने वस्तु नै खाद्य समूहको हुने गरेका विभिन्न रिपोर्टहरूले देखाइरहँदा पनि सरकार भने मौन रहेको छ । त्यसो त सरकारी नियमनकारी निकायको जानकारीमा आएका गुणस्तरहीन खाद्यपदार्थमा समेत उचितरूपले प्रतिबन्धात्मक कदम चालेको देखिँदैन । सामाचारमा आइरहेका विवरणअनुसार बजारमा उपलब्ध अधिकांश खाद्यान्न तथा पिउने पानी गुणस्तरहीन रहेका भनी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले नै जानकारी गराइरहेको अवस्था छ । यो निकायका अनुसार नै बजारमा पाइने खाद्यान्न/दलहनजन्य पदार्थ, फलफूल तथा सागपातजन्य पदार्थ र पिउने पानी आपत्तिजनकरूपले नै गुणस्तरहीन छन् । यस्ता वस्तुमा हुनुपर्ने न्यूनस्तरको गुणस्तर मापदण्ड पूरा नगरी बेचविखनमा ल्याइँदा समग्र बजार नै अखाद्यको भण्डारजस्तो भइरहेको स्थिति छ ।

एउटा सामान्य बजार अध्ययन गरिँदा पनि यस्ता दयनीय स्थितिको चित्र प्रकट हुन्छ भने सरकारले नै अध्ययन अनुगमन गर्ने हो भने त स्थिति झन् कस्तो देखिएला भन्ने अनुमान गर्न सकिन्छ । सरकारी जानकारीअनुसार नै गत आर्थिक वर्ष २०७९/८० मा खाद्य तथा दाना उद्योग तथा बजार निरीक्षणका क्रममा अत्यधिक उपभोगमा आउने तीन हजार एक सय १३ वटा नमूना परीक्षण गरिँदा खाद्यान्न/दलहनजन्य पदार्थ, फलफूल तथा सागपातजन्य पदार्थ र पिउने पानीको अवस्था खानै नहुने अवस्थामा भेटिएका थिए । जस्तो खाद्यान्न/दलहनजन्य पदार्थका ४७ वटा, पिउने पानीको ४१ वटा, फलफूल तथा सागपातजन्य पदार्थका २५ वटा, दूध तथा दुग्धजन्य पदार्थका २१ वटा, तेलका १५ वटा, गुलियो पदार्थका १४ वटा, दानाका १३ वटा, मसलाका सातवटा, चिया तथा कफीका चारवटा, नूनको एउटा र अन्य खाद्यपदार्थको १० वटा नमूनाहरू अखाद्यको सूचीमा राख्नलायक थिए । कुल दुई हजार आठ सय ८१ वटा नमूना एक सय ९८ वटा पदार्थ अखाद्य रहेको भेटिनु सामान्य होइन ।

त्यसकारण पनि सरकारले बजारका खाद्य पदार्थलाई गुणस्तरीय बनाउन आवश्यक मानिएको हो । मान्छेका स्वास्थ्यसँग जोडिएका विषयमा अलिकति पनि हेलचेक्याइँ सह्य हुँदैन । यसतर्फ उपभोक्ता हितमा काम गर्ने स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरु झनै गम्भीर हुनु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# संघीयतामा स्थानीय तह र वडाको अधिकार



◆राजेशकुमार अर्याल

**पृष्ठभूमि:**

विश्वका सबै मुलुकमा फरकफरक स्वरूप र ढाँचाको राज्य प्रणाली देखिन्छ । प्रत्येक मुलुकले आफ्नो राजनीतिक पृष्ठभूमि, आर्थिक अवस्था, सामाजिक संरचना, सांस्कृतिक र वैचारिक मान्यताका आधारमा संविधान लेख्ने र त्यसै अनुरूपका राज्य संरचनाहरू निर्माण गरेका छन् ।

आधुनिक विश्वले संविधानमा राज्य सञ्चालनका आधारभूत कुराहरू उल्लेख गरी त्यसका आधारमा राज्य सञ्चालन गर्ने पद्धतिको विकास गरेको छ । आधुनिक राज्यहरूले लोकतन्त्रलाई नै उत्कृष्ट राजनीतिक प्रणाली मानी सोही अनुरूपका विषयवस्तुलाई संविधानमा समावेश गर्दै आएका छन् । संविधान आफै स्वतः कार्यान्वयन वा क्रियाशील हुने साधन होइन, यसलाई जीवन्त बनाउने दायित्व निर्वाह गर्नुपर्छ । संविधान कार्यान्वयन गर्ने शक्ति र निकायले आ–आफ्नो भूमिका सक्रियतापूर्वक निर्वाह गर्न सकेमा संविधान जीवन्त हुन्छ ।

नेपाल नयाँ संवैधानिक अभ्यासको चरणमा छ । यहाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली छ । संघीय प्रणाली अपनाएको छ । संघीय प्रणालीमा राज्यशक्ति तहगत रूपमा विभाजन हुन्छ । सङ्घीयता भनेको तहगत रूपमा राज्यशक्तिको बाँडफाँड भएको व्यवस्था हो । एक राजनीतिक एकाइबाट विभिन्न राजनीतिक एकाईको निर्माण गरिनु सङ्घीयता हो । नेपालले सङ्घ, प्रदेश र स्थानीय गरी ३ तहमा राज्यशक्तिको बाँडफाँड गरेको छ ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार संविधानको विभिन्न अनुसूचीमा समावेश गरेको छ । संविधानद्वारा निर्धारण गरिएका अनुसूची बमोजिमको कार्य सङ्घ, प्रदेश र स्थानीय तहले सम्पादन गर्न सोही अनुरूपको संरचनाहरूको व्यवस्था संविधानमा उल्लेख छ । संविधानले सङ्घको अधिकारसूची भित्र ३५, प्रदेशको अधिकारसूची भित्र २१ र स्थानीय तहको अधिकारसूची भित्र २२ वटा विषय समावेश गरेको छ । यसैगरी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र १५ र सङ्घ र प्रदेशको साझा अधिकारको सूची भित्र २५ वटा विषय रहेका छन् ।

संघीय प्रणालीमा तहगत सरकारहरूको बीचका अन्तरसम्बन्ध र समन्वय सुमधुर हुनुपर्छ । संघीयता एउटा प्रणाली हो, आफ्नो विकासमा आफै जुट्छन् भन्ने मान्यता भएकाले जनताको सहभागिता र अपनत्व बढाउने किसिमको कार्यसम्पादन तहगत सरकारहरूले आपसी समन्वय र सहकार्यमा गर्नुपर्ने हुन्छ ।

### संघीय संविधान: तहगत अन्तरसम्बन्ध

नेपालको संविधान २०७२ ले नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीलाई आत्मसात गरेको छ । संघीय प्रणालीमा राज्यशक्ति तहगत रूपमा विभाजन हुने हुँदा तहगत सकारका बीच एक आपसमा समन्वय र सहयोगको भूमिकाले महत्वपूर्ण प्रभाव पार्दछ । नेपालको संसदीय प्रणालीमा सामान्यतया प्रधानमन्त्रीले संसद विघटन गर्न नसक्ने र निश्चित अवधि नपुगी प्रधानमन्त्रीका विरूद्ध अविश्वास प्रस्ताव ल्याउन नसकिने व्यवस्थाले संसदीय शासन प्रणालीको मौलिकपन भन्दा सुधारिएको संसदीय प्रणाली अपनाइएको छ ।

नेपालको संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने अठोट गरेको छ । संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प गरेको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र देशको नामसँग सम्बन्धित होइन, हामीले अवलम्बन गरेका राज्य प्रणालीसँग सम्बन्धित रहेको छ । नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तह रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहले संविधान र कानुनको अधीनमा रही राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । संविधानको धारा ५७ बमोजिम संविधानको अनुसूची तोकिएको अधिकार कानुनद्वारा तोकिए बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले प्रयोग गर्नुपर्ने हुन्छ । तहगत रूपमा विभाजन भएको अधिकारका सम्बन्धमा एकले अर्काको अधिकारमा अतिक्रमण नगर्ने गरी कानुन बनाउनु पर्छ । साझा अधिकारको विषयमा भने सङ्घीय काननु निश्चित मापदण्ड निर्धारण गर्ने काम गर्न र सोही मापदण्ड अनुरूप प्रदेश र स्थानीय तहले कानुन बनाउनुपर्ने हुन्छ । यसरी साझा अधिकारका विषयमा संङ्घले संविधान प्रतिकूल, प्रदेशले संविधान र सङ्घीय कानुन प्रतिकूल र स्थानीय तहले संविधान, सङ्घ र प्रदेश कानुन प्रतिकूल हुने गरी कानुन बनाउन पाउने छैन ।

सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था । सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न स सङ्घीय संसदले आवश्यक कानुन बनाउने व्यवस्था गरेको छ । नेपालको निम्ति सङ्घीयताको अभ्यास नयाँ हो । संविधान कार्यान्वयनको प्रारम्भिक चरणमा केही समस्या र चुनौतीहरू हुनु स्वभाविकै हो । आर्थिक र वित्तीय व्यवस्थापन र स्रोत साधनको बाँडफाँड न्यायोचित रूपमा नगर्ने हो कचिङ्गल बढ्नेछ । तहगत रूपमा असमझदारी श्रृजना हुन नदिन एक अर्काको अधिकारमा अतिक्रमण नगर्ने, नियमित छलफल गर्ने, सूचना आदानप्रदान गर्ने र एक अर्कालाई कानुन, नीति र योजना निर्माण जस्ता कार्यमा सहयोग गर्ने प्रणालीको विकास हुनुपर्ने देखिन्छ ।

### स्थानीय तह: सरकारको नौलो अभ्यास

नेपालको संविधान जनताका प्रतिनिधि (संविधानसभा) आफैले बनाएको संविधान हो । संविधानको धारा ५६ ले नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने कुराको प्रत्याभूत गरेको छ । त्यति मात्रै होइन नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानवअधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने दायित्व स्थानीय तहको समेत भएको संविधानमा उल्लेख छ ।

सङ्घीय संरचनाअन्तर्गत हाल तीन तहका सरकारहरू अस्तित्वमा छन् । तीन तहमध्ये सर्वसाधारणको जीवन र जीविकासँग सिधै सम्बन्धित तह हो स्थानीय तह । स्थानीय तहको सरकार जनताको पहुँचको सरकार हो । स्थानीय तहको नेतृत्व निर्माणका अभ्यास स्थल, सेवा प्रवाह र विकास निर्माणका सही माध्यम हुन् । लोकतन्त्रलाई आधारभूत तहसम्म लैजाने र सुशासनको प्रत्याभूति दिलाउने सरकार स्थानीय सरकार हो । स्थानीय सरकार क्रियाशील, सिर्जनशील र जनपक्षिय देखिन्छ । जनताले प्रत्यक्ष देख्ने र सुनिने सरकार भएकाले स्थानीय सरकारको शासकीय भूमिका अब्बल देखिन्छ । व्यवस्था मात्र नभई प्रणाली नै परिवर्तन गरेर नागरिकको घरआँगनको सरकारको रूपमा संविधानले स्थानीय सरकारको परिकल्पना गरेको हो ।

विधायिकी, कार्यकारी र न्यायिक अधिकारले स्थानीय तह बलिया भएको छ । स्थानीय तहमा एक घर एक धारा, सबै वडाको टोलमा सडक पूर्वाधार, विद्यालयबाहिर रहेका विद्यार्थीलाई स्कुल भर्ना, गाउँघरमा स्वास्थ्य कार्यक्रम, कृषिमा आधुनिकीकरण र यान्त्रिकरण, युवा, महिला र दलित परिवारलाई रोजगारका कार्यक्रम, उद्यमीलाई अनुदान जस्ता कार्यक्रम उपलब्धिमूलक भएका छन् । प्राय स्थानीय सरकारले आ–आफ्नो भूराजनीतिक क्षेत्रमा नमुनायोग्य काम गरिरहेका छन् । स्थानीय आर्थिक विकासका नवप्रवर्तनकारी र समृद्धिको दिशामा अघि बढाउने, रोजगारी र आय वृद्धिमा सघाउने काम गरेका छन् ।

यद्यपि स्थानीय सरकार आफै नयाँ र क्षमताका हिसावले पनि कमजोर देखिन्छन् । स्थानीय सरकारले ल्याएका राम्रा कार्यक्रमका लागि स्रोतसाधन र बजेटको अभाव देखिन्छ । सङ्घ र प्रदेशबाट व्यवस्थापकीय सीप र सहयोग हस्तान्तरण गर्नुपर्नेछ ।

### वडालाई आर्थिक र सेवा सञ्चालनको अधिकार

*बाँकी पृष्ठ ३ मा*

# सामान्य नठानौं बाथरोग

बाथरोग नेपालीमाझ परिचित रोग हो । मानिसको आफ्नै शरीरमा रहेको 'अटोएन्टीबडी'ले गर्दा बाथ रोग लाग्छ, जसले शरीरका विभिन्न जोर्नीहरू र अरू अंगमा असर गर्छ । बाथलाई 'दुखाइको रोग' पनि भन्ने गरिन्छ । नवजात शिशुदेखि ८० वर्षका वृद्धवृद्धासम्मलाई लाग्न सक्ने यो रोगका धेरै प्रकार हुन्छन् । बाथरोग लागेपछि के खान हुन्छ हुँदैन ? यो रोग पूर्ण रूपमा निको हुन्छ हुँदैन ? भन्ने विषयमा धेरै प्रश्न सुनिन्छ । यो रोगले निम्त्याउने जटिलता यसको उपचार लगायत विषयमा बाथरोग विशेषज्ञ डा. प्रयुष शर्माको स्वस्थ्य टिप्सः

### बाथरोग भएकाले गेडागुडी खान हुँदैन ?

बाथरोगको समस्या भएका व्यक्तिले गेडागुडी खान हुँदैन भन्नु भ्रम मात्र हो । गेडागुडीमा प्रोटिनको मात्रा बढी हुन्छ । त्यसैले गेडागुडी खायो भने बाथ बढ्छ भनेको सुनिन्छ तर यो शतप्रतिशत सही होइन । कहिलेकाहीं प्रोटिन धेरै खायो भने युरिक एसिड बढ्न सक्छ । तर बाथरोग लागेका व्यक्तिले गेडागुडी खानै हुँदैन भन्ने चाहिं भ्रम मात्र हो ।

### रातो मासुले बाथरोगलाई थप जटिल बनाउँछ ?

रातो मासु, कलेजो, आन्द्रा–भुँडीको परिकारले युरिक एसिड र बाथ बढाउन सक्छ । साथै गुलियो पेय पदार्थ, रक्सीको सेवनले पनि युरिक एसिड र बाथरोगको समस्या बढाउन सक्छ । तर युरिक एसिड तथा बाथरोग बढ्ने कारण खानपान मात्र होइन । अन्य विभिन्न कारणले बाथलाई जटिल बनाउँछ ।

### तामाजस्ता खानेकुरा बाथरोगीले खानै हुँदैन ?

युरिक एसिड बाथमा तामा गालेको अचार खान हुँदैन भनेको सुनिन्छ । तामा खान हुँदैन यसले बाथ बढ्छ भनेर कुनै अध्ययन अनुसन्धान भएको छैन । तर केही व्यक्तिले भने तामा र गालेको अचार खाँदा समस्या बढी भएको भनेको भने सुनिएको छ ।

### बाथरोग बुढापाकालाई मात्र लाग्छ ?

बाथको धेरै प्रकार छ, ओस्टियो आरथाइटिस विशेषगरी उमेर बढ्दै जाँदा जोर्नी तथा हड्डी खिइँदा लाग्ने गर्छ । उमेर बढ्दै जाँदा जोर्नीमा रहेको कुरकुरे हड्डी खिइएर नष्ट हुँदै जाँदा ओस्टियो आरथाइटिस हुन्छ । तर नवजात शिशुदेखि ८० वर्षका वृद्धवृद्धासम्मलाई यो रोग लाग्न सक्छ ।

यस किसिमको बाथले घुँडा, गर्दन, कम्मरको मेरूदण्ड, खुट्टाको बुढी औंलाको फेद, हातका औंला तथा नितम्बको जोर्नीमा असर पार्छ ।

### बाथरोग खासमा के कारणले हुन्छ ?

आम मानिसमा बाथ भन्ने बित्तिकै 'युरिक एसिड' मात्र हो भन्ने भ्रम छ । युरिक एसिड बाथको एउटा प्रकार मात्र हो । जबकि बाथका सयभन्दा बढी प्रकार छन् ।

बाथरोगको विशेष कारण हुँदैन । तर केही प्रतिशतमा वंशाणुगत गुणका कारणले बाथ हुने गर्छ । अत्यधिक धुम्रपान र मद्यपानको कारण बाथरोग हुन सक्छ । भाइरल संक्रमणको कारण र वातावरणीय कारण पनि केही प्रतिशतमा बाथरोग हुन सक्छ ।

### यसको जटिलता के हो ?

बाथरोगको समयमा पहिचान र उपचार गरिएन भने यसकै कारण अन्य स्वास्थ्य समस्या निम्तिन सक्छ । बाथकै कारण जोर्नी दुख्ने मात्र नभई हातखुट्टा बाङ्गिने र सुन्निने हुन्छ । साथै यसले शरीरका छाला, मुटु, कलेजो, फोक्सो, मिर्गौला लगायतका अंगमा असर पुऱ्याउँछ ।

### बाथरोग लागेमा उपचार के छ ?

यो रोग लागिसकेपछि पूर्ण रूपमा निको हुन सम्भव छैन । तर यसलाई समयमै पत्ता लगायौं र उपचार भयो भने धेरै समस्याबाट जोगिन सकिन्छ । त्यसैले शंका लागे अस्पताल गएर विशेषज्ञ डाक्टर सँग सल्लाह लिनुपर्छ ।

कुन किसिमको बाथरोग लागेको छ, सोहीअनुसार यसको उपचार गरिन्छ । औषधिको माध्यमबाट बाथरोग नियन्त्रण गर्न सकिन्छ । उपचारसँगै जीवनशैली परिवर्तन पनि गर्नुपर्छ । दैनिक व्यायाम गर्ने, सन्तुलित खानपानमा ध्यान दिएमा यसबाट हुने जटिलतालाई कम गर्न सकिन्छ ।

# आँखाको व्यायाम जरुरी छ !

शरीरका विभिन्न अंगलाई स्वस्थ बनाउन हामी खानपानदेखि व्यायामका कुरा गरिरहेका हुन्छौं । तर सुत्ने बेलामा बाहेक अन्य समयमा नियमित कार्य गरिरहने आँखाको बारेमा भने हामी खासै ध्यान पुऱ्याइरहेका हुँदैनौं ।

आँखालाई स्वस्थ राख्न व्यायामदेखि सरसफाइ लगायतका कुरामा ध्यान दिनुपर्छ । त्यसो भए आँखाको व्यायाम कसरी गर्ने त ?

आँखाको व्यायाम गर्नुअघि आँखालाई सफा गर्नुपर्छ । आँखालाई बन्द गरेर साफा पानीले धुनुपर्छ । त्यसपछि भाँडोमा उम्लिएर सेलाएको पानी आइवास कप अर्थात् आइक्लिनिङ पट, कचौरा वा हातमा राखेर आँखालाई झिमझिम गर्नुपर्छ । यदि आइवास कपले गर्ने हो भने यसलाई आँखामा हालेर एकचोटि टाउको आकाशतिर हेरेर झिमझिम गर्ने र अर्को निहुँरेर झिमझिम गर्न सकिन्छ । यसले आँखामा लागेका कचेरा तथा फोहोर बाहिर निकाल्न मद्दत गर्छ ।

### आँखा चिम्लिने खोल्ने

आँखा सफा गरिसकेपछि एकपल्ट आँखा चिम्लिने र खोल्ने गर्नुपर्छ । यो जतिसक्दो छिटोछिटो गर्न गर्नुपर्छ । त्यस्तै आँखालाई बेस्सरी चिम्लिने, दाँत किट्ने र टाउको हल्लाउने गर्नुपर्छ । यी दुवै व्यायाम पाँचदेखि १० पटकसम्म दोहोऱ्याउन सकिन्छ ।

### आँखालाई तलमाथि गर्ने

आँखा स्वस्थ राख्न आँखाको नानीलाई तलमाथि गरी हेर्ने व्यायाम गर्न सकिन्छ । यसमा टाउकोलाई सीधा राखेर निधार नखुम्चाइकन आँखाको नानीलाई तलमाथि गर्नुपर्छ । यसमा एकचोटि आकाशतिर हेरेर र अर्को चोटि भुईंमा हेरेर गर्नुपर्छ । यो व्यायाम पनि सकेसम्म छिटोछिटो पाँचदेखि १० पटकसम्म गर्न सकिन्छ । आँखाको यस किसिमको व्यायामले आँखाका नसा तथा मांसपेशी मजबुत हुन्छन्, जसले आँखाको तेजमा कमी हुन पाउँदैन ।

### आँखा क्रस गर्ने

आँखाको नानी पहिला दायाँ माथि बायाँ तल, त्यसपछि बायाँ माथि दायाँ तल गरी क्रस गरेर व्यायाम गर्न सकिन्छ । सकेसम्म छिटोछिटो गर्नुपर्छ ।

### आँखालाई चारैतिर घुमाउने

आँखामा अर्को व्यायाम, जसमा आँखालाई चारैतिर घुमाउनुपर्छ । दुवै आँखालाई एकचोटि माथि दायाँ तल बायाँ गरी घुमाउने र त्यसपछि यसको ठ्याक्कै उल्टो बायाँदेखि दायाँतर्फ कम्तीमा १०–१० पटक घुमाउनुपर्छ । त्यसपछि दुई मिनेटका लागि आँखा बन्द गर्नुपर्छ र आराम गर्नुपर्छ । त्यसपछि पुनः यसलाई दोहोऱ्याउनुपर्छ ।

### लाइनलाई हेर्ने अभ्यास

यसमा दाहिने हातको चोर औंलालाई आँखाको सीधा राखेर हेर्नुपर्छ । औंलाको माथिल्लो टुप्पोमा देखिने सूक्ष्म रेखालाई ध्यानले हेर्ने, त्यो औंलालाई एकपटक आँखाबाट टाढा लैजाने र एकपटक नाकको नजिक ल्याउने गर्नुपर्छ । यसलाई पाँचदेखि १० पटक दोहोऱ्याइरहनुपर्छ ।

### आँखालाई सेक्ने

आँखालाई चुस्त राख्न न्यायो बनाउनुपर्छ । आफ्नो हत्केलालाई एकापसमा रगडेर तताउने अनि त्यसलाई आँखा चिम्म गरेर राख्ने गर्नुपर्छ । ६ सेकेण्डसम्म हत्केलालाई परेलामा राख्नुपर्छ । यो प्रक्रियालाई तीन पटकसम्म दोहोऱ्याउनुपर्छ । यसो गर्नाले आँखाले तत्काल आराम पाउने छ ।

### त्राटक विधि

यो एक योग विधि हो । जसमा कुनै एउटा योगासनमा बस्नुपर्छ । त्यसपछि ५–६ फिट टाढा मैनबत्ती वा दियोको ज्योति आँखाको लेभलमा राख्नुपर्छ । त्यसपछि त्यो मधुरो बत्तीलाई आँसु आउने गरी हेर्नुपर्छ र एकछिन आँखा चिम्लिएर ध्यान गर्नुपर्छ ।

यी सबै व्यायाम सकेसम्म दिनको दुईपटक बिहान बेलुका गर्न सकिन्छ ।

### आँखाको व्यायाम गर्दाका फाइदा

व्यायामले आँखामा भएको फोहोर निकाल्ने, ज्योति बढाउने, दृष्टि शक्ति बढाउने गर्छ । यस्तै चश्मा लगाउपर्ने समस्याबाट पनि छुटकारा दिन मद्दत गर्छ । यसले आँखाको नसा लचिलो तथा चलायमान बनाउँछ ।

## संघीयतामा स्थानीय ... .

स्थानीय सरकार भनेको जनप्रतिनिधिमार्फत स्वायत्तता, स्वतन्त्रता र जवाफदेहिताका साथ स्थानीय तहको शासन संचालन गर्ने आधारभूत, अनिवार्य र सर्वव्यापी संरचना हो । स्थानीय सर कारको जग भनेको वडा कार्यालय हो । वडा कार्यालय जनताले सबैभन्दा नजिकबाट सेवा पाउने सरकारको अङ्ग हो । स्थानीय तह पुनर्संरचना आयोगले वडामा ७५ जना कर्मचारी हुन्छन्, सबै सेवा वडा कार्यालयबाट उपलब्ध हुन्छ भनेको थियो ।

सिंहदरबारको अधिकार घरबारसम्म आयो भनियो । जनताले तल्लो तहबाटै सेवा सुविधा पाउँछन् भनेर ब्याख्या गरियो । स्थानीय तह निर्माण भएपछि जनताले पाउने सेवा टाढा होइन नजिक हुन्छ भन्ने भाव अहिले हराएको छ । साविक गाउँ विकास समितिबाट जनताले पाएको सेवा हाल वडा कार्यालयले दिन सकेको छैन । साविकका गाउँ विकास समितिहरू अहिले स्थानीय तहका वडा बनेका छन् । प्रायः गाउँपालिका र नगर पालिका बनाउँदा गाउँ विकास समितिलाई एउटा वडामा समेटियो । वडा कार्यालयबाट जन्म/विवाह/मृत्यु दर्ता, बसाइँसराइ, सामाजिक सुरक्षा भत्ता वितरण, नाता प्रमाणित, जग्गा/सम्पत्ति मूल्यांकन, मालपोत संकलन, अनुदान वितरण, सर्जमिन मुचुल्का, अदालतको म्याद तामेली जस्ता सेवा प्रवाह हुँदै आएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा वडाध्यक्षको काम वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने, वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने लगायत उल्लेख छ । स्थानीय तहमा सम्झौता र भुक्तानीको कार्य स्थानीय तहको केन्द्रमा नीहित छ । वित्तीय संघीयताले स्थानीय तहमा वित्तीय अधिकार पुऱ्याए तापनि वडालाई आर्थिक अधिकार दिइएन । वडालाई आर्थिक अधिकार नदिएको स्थानीय सरकार सञ्चालन ऐनमा वडाध्यक्षको काम, कर्तव्य र अधिकारले प्रष्ट पार्छ ।

स्थानीय तहको पुनर्संरचना गरी सिंहदरबारको अधिकार घरबारसम्म ल्याउने नारा फगतको बनेको छ । स्थानीय तहको आर्थिक अधिकार कार्यपालिकामा मात्र नीहित छ । स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐनलगायतका कानूनी दस्तावेजले वित्तीय अधिकार पालिकाको केन्द्रमा सीमित गरेको छ । नागरिकको पहुँचमा रहेको वडा कार्यालयलाई वित्तिय अधिकार दिएको छैन । योजना सम्झौता, सञ्चालन र भुक्तानीका लागि उपभोक्ताहरू स्थानीय तहको केन्द्रमा धाउन परेको छ । नेपाली जनताले कायरतापूर्ण जीवनभन्दा बलिदानीपूर्ण मृत्यु रोजेका छन् । जनताको अधिकारका लागि फेरि बलिदानीपूर्ण संघर्ष गर्नु नपरोस् ।

स्थानीय तहको पुनर्संरचनामा जनताले खोजेको सुख सुविधा हो, दुःख, सास्ती र हैरानी होइन । वडालाई आर्थिक अधिकारले सम्पन्न नबनाउदासम्म जनताको अधिकार खोसिएको रूपमा बुझिएको छ/बुझिनेछ । जनताले अधिकतम सेवा सुविधा वडा कार्यालयमा पाउने प्रत्याभूति नहुँदासम्म वडा कार्यालय सिफारिशका केन्द्र मात्र हुनेछन् । वडा कार्यालय जनताको सेवा गर्ने कार्यालय बनाउने हो भने संविधानले दिएको स्थानीय सरकार सञ्चालन ऐनले खोसेको अधिकार फिर्ता हुनुपर्छ ।

*(लेखक अर्याल तानसेन नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष हुन्)*







प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# कैलाशले २० जनालाई छात्रवृत्तिमा पढाउँदै



◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाले छात्रवृत्तिमा १८ महिने प्राविधिक शिक्षा अध्ययनका गर्न चाहने विद्यार्थीहरूको नामावली पठाउन वडा कार्यालयहरूलाई परिपत्र गरेको छ । वडामा निवेदन परेका मध्ये प्रतिवडा २/२ जना छात्रछात्राको दरले छात्रवृत्ति उपलब्ध गराइने गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सुर्य बहादुर थिङले जानकारी दिए । कैलाशमा १० वटा वडा रहेका छन् ।

चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार पीजेटीए तथा भीजेटिए पढ्न पालिकाले छात्रवृत्ति उपलब्ध गराउन लागिएको गाउँपालिकाले जनाएको छ । पालिकाको वार्षिक नीति तथा कार्यक्रम र स्वीकृत वार्षिक बजेट अनुसार गाउँपालिका भित्र स्थायी बसोबास गरेका माध्यमिक शिक्षा परीक्षा (एसइई) उतीर्ण गरेका विद्यार्थीले छात्रवृत्ति छनोटमा सहभागी हुन पाउनेछन् ।

छनोट भएका विद्यार्थीहरूले कालिका माध्यमिक विद्यालय नामटारमा १८ महिने शिक्षा प्राविधिक शिक्षा पढ्न पाउनेछन् । वडाहरूले यहि ७ भाद्रसम्म विद्यार्थी छनोट गरिसक्नु पर्नेछ ।

# मनहरीका ६ सय ९३ परिवारलाई जग्गा बाँड्न कार्यपालिकाको सिफारिस

◆ विकास संवाददाता

मनहरी गाउँपालिकाका सुकुम्बासीहरूलाई जग्गा वितरण गर्ने भएको छ । गाउँपालिकाका ९ वटै वडामा खाली र पर्ती जग्गा रहेकाले सुकुम्बासी परिवारलाई बितरण गर्न जग्गाको अभाव नरहेको वडा कार्यालयहरूले गाउँ कार्यपालिकालाई जानकारी गराएको हो ।




मनहरी गाउँपालिका भूमि व्यवस्थापन शाखा प्रमुख राजेन्द्र चौलागाईका अनुसार कूल ६ सय ९३ जना सुकुम्बासी पहिचान भएको छ । दलित भूमिहीन १ सय १ परिवार र भूमिहीन सुकुम्बासी ५ सय ९२ परिवार पहिचान भई उनीहरूलाई जग्गा बितरणका लागि राष्ट्रिय भूमि आयोगमा प्रतिवेदनका साथ सिफारिस गरिएको उनले बताए । मनहरीको १६ साउनमा बसेको कार्यपालिका बैठकले ६ सय ९३ परिवार सुकुम्बासीलाई वितरण गर्नका लागि १ देखि ९ वटै वडामा पर्याप्त जग्गा रहेको विवरणसहित आयोगलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठका अनुसार वडा नम्बर १ मा २ सय २० कठ्ठा, वडा नंम्बर २ मा एक हजार कठ्ठा, वडा नम्बर ३ मा २ सय कठ्ठा, वडा नंम्बर ४ मा ८ सय ९४ कठ्ठा, वडा नंम्बर ५ मा २ सय २० कठ्ठा, वडा नंम्बर ६ मा ४ सय २० कठ्ठा, वडा नम्बर ७ मा २ हजार १ सय कठ्ठा, वडा नम्बरं ८ मा ३ सय २० कठ्ठा र वडा नम्बर ९ मा ३ सय २० कठ्ठा जग्गा फेला पारिएको छ ।

यसैबीच मनहरी गाउँपालिकाभित्रका ६ सय ९३ परिवार सुकुम्बासीका लागि जग्गा वितरण गर्न ३ हजार ६ सय ४८ कठ्ठा जग्गा आवश्यक पर्छ । गाउँपालिकाले राष्ट्रिय भूमि आयोगलाई सिफारिस गरिएका खुला र पर्ती जग्गाहरू अधिकाँश पर्सा राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा परेका छन् ।

# एकै महिनामा १५ लाख ९० हजार राजश्व संकलन

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को शुरूवातको साउन महिनामै १५ लाख ९० हजार २ सय ९६ रूपियाँ १७ पैसा राजश्व संकलन गरेको छ । पालिकाले सार्वजनिक गरेको राजश्व संकलन सम्बन्धी विवरणमा संकलित राजश्वको विवरण उल्लेख गरिएको हो ।

गाउँपालिकाको वडा नम्बर १ बाट ८७ हजार ८ सय २१ रूपियाँ, २ नम्बर वडाबाट १७ लाख ६ सय ५ रूपियाँ, ३ नम्बर वडाबाट १ लाख ९५ हजार ३२३ रूपियाँ ६४ पैसा, ५ नम्बर वडाबाट ८९ हजार ७ सय ८९ रूपियाँ राजश्व संकलन भएको पालिकाले जनाएको छ ।

त्यस्तै वडा नम्बर ६ बाट ९० हजार ७ सय ४७ रूपियाँ, ७ नम्बर वडाबाट २ लाख ५ हजार ६ सय ९० रूपियाँ, ८ नम्बर वडाबाट १ लाख १७ हजार ९ सय ७७ रूपियाँ, ७३ पैसा, ९ नम्बर वडाबाट १ लाख ९५ हजार १३ रूपियाँ राजश्व संकलन भएको छ भने गाउँपालिकाको कार्यालयबाट ५ लाख ३५ हजार ६ सय ६ रूपियाँ ७२ पैसा राजश्व संकलन भएको पालिकाले जनाएको छ ।

मनहरी गाउँपालिकाले कर तथा गैर कर संकलन गर्न पाउने अधिकार क्षेत्रमा रहेर राजश्व संकलन गरेको हो । पालिकाले आर्थिक ऐन, २०८० मा व्यवस्था भएका शीर्षकहरू कडाइकासाथ राजश्व संकलन आएको छ ।

# हेटौंडाको १० नम्बर वडा कार्यालय भवन उद्घाटन

◆ विकास संवाददाता

हेटौडा उपमहानगरपालिका वडा नम्बर १० को नवर्निमत वडा कार्यालय भवनको उद्घाटन गरिएको छ । १ भाद्रमा उपमहानगरपालिकाका मेयर मिना लामाले भवनको उद्घाटन गरिन् ।

भवन उद्घाटन गर्दै मेयर लामाले वडाबाट नागरिकहरूले सरल र सहज रूपमा सुविधा पाउन भवन निर्माण गरिएको बताइन् । उनले नागरिकले स्थानीय सरकारको अनुभति हुनेगरी काम गर्न वडा कार्यालयलाई आग्रह समेत गरिन् ।

यसैबीच वडा कार्यलयकै प्राङ्गणमा निर्माण गरिएको सालक पार्कको समेत उद्घाटन गरिएको छ । १० नम्बर वडाका वडा अध्यक्ष फुर्वा दोर्जे लामाको अध्यक्षतामा भएको कार्यक्रममा उपमहानगरका उपमेयर राजेश बानियाँ विशेष अतिथि रहेका थिए ।

# बागमती प्रदेश कृषि विकास समितिमा थाहानगरका प्रधान

◆ विकास संवाददाता

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको कृषि विकास समितिको सदस्यमा मकवानपुर थाहानगरका निरोज प्रधान सदस्यमा मनोनित भएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत प्रदेश उद्योग वाणिज्य महासंघको गठन तथा संचालन सम्बन्धी नियमावली, २०७३ बमोजिम प्रधानलाई सदस्यमा मनोनित गरेको बागमती प्रदेश अध्यक्ष दिल सुन्दर श्रेष्ठले जानकारी दिए ।



समितिको सभापतिमा भने नेपाल उद्योग वाणिज्य महासंघ बागमतीका कार्यकारिणी सदस्य कृष्ण भक्त श्रेष्ठ रहेका छन् । महासंघको १६ वैशाखमा सम्पन्न बैठकले समितिको सदस्यहरू मनोनित गरेको हो । प्रधान थाहानगर उद्योग वाणिज्य संघको प्रतिनीधित्व गर्दै सदस्यमा मनोनित भएका हुन् । समितिको सदस्यहरूमा धादिङ उद्योग वाणिज्य संघबाट उमेश स्वाली क्षेत्री, पाँचखाल उद्योग वाणिज्य संघका पिताम्बर पौडेल, धुलिखेल उद्योग वाणिज्य संघका संजय तामाङ, कीर्तिपुर उद्योग वाणिज्य संघका शर्मिला अधिकारी, नुवाकोट उद्योग वाणिज्य संघका मंगलसिंह तामाङ र आमन्त्रित सदस्यमा ललितपुर उद्योग वाणिज्य संघका मुकुन्द महर्जन मनोनित भएका छन् ।

यसैबीच उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको रोजगार समितिको उपसभापतिमा थाहानगर उद्योग वाणिज्य संघका सदस्य शम्भु सिंह कार्की मनोनित भएका छन् । समितिको सभापतिमा भने नेपाल उद्योग वाणिज्य महासंघ बागमतीका सदस्य बिरेन्द्र नाथ भट्टराई रहेका छन् । महासंघको १६ वैशाखमा सम्पन्न बैठकले समितिको सदस्यहरू मनोनित गरेको हो ।

समितिको सदस्यहरूमा हिटको प्रालिका प्रदिपमान प्रधान, क्वालिटी किचन इन्भेस्टमेन्ट प्रालिका उज्वल सत्याल,भ्याली कोल्ड स्टोरका सक्षम घिमिरे, बाघभैरव प्रिन्टिङ हवका सुकदेव जोशी र नेपाल औषधि उत्पादक संघका सदस्य सन्तोष बराल मनोनित भएका छन्। थाहानगरको पालुङ जेसीज भवनमा ३२ साउनमा भएको बागमती प्रदेशस्तरीय विषयगत समिति परिचयात्मक कार्यक्रमको अवसरमा मनोनित सबैलाई शुभकामनासहित प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा महासंघ बागमती प्रदेशका पदाअधिकारी तथा विषयगत समितिका सदस्यहरूको उपस्थिती रहेको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अन्तर्गत १ दर्जन बढि विषयगत समितिहरू गठन भएका छन् ।




जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहामा लेदोजन्य फोहोर व्यवस्थापन र खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी अभिमुखीकरण

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिकामा लेदोजन्य फोहोर व्यवस्थापन र खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ। शान्ति नेपाल तथा इन्फोको सहकार्य तथा पालिकाको व्यवस्थापनमा २९ साउनमा भएको कार्यक्रम थाहानगर उपप्रमुख भरत गोपालीको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा थाहा नगरपालिकाका वडाध्यक्षहरू, कार्यपालिका सदस्य तथा पालिका अन्तर्गतका विभिन्न महाशाखा तथा शाखा प्रमुखहरूको उपस्थिती रहेको थियो । कार्यक्रमका सहभागहिरूलाई इन्फोका तालिम अधिकृत शोभा राना र डाक्टर कृष्णमान शाक्यले सहजीकरण गरेका थिए । कार्यक्रममा लेदोजन्य फोहोर व्यवस्थापनको विषयमा राना र खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धमा डाक्टर शाक्यले सहजीकरण गरेका थिए । कार्यक्रमको अवसरमा सहजकर्ताहरूले यि दुवै कार्यक्रमका लागि पालिकाले आफ्नो कानून बनाएर योजनावद्ध रूपमा अघि बढे सफल हुने प्रतिक्रिया दिए। संविधानमै सरसफाइको व्यवस्था उल्लेख भएको र ति सबै कुरा विभिन्न कानूका साथै स्थानीय सरकारको अधिकार क्षेत्रमा समेत उल्लेख रहेकोले पालिकाले ढिलो चाँडो गर्ने पर्ने काम भएको उल्लेख गरेका थिए । कार्यक्रममा सहभागहिरूले विभिन्न विकासका कमहरूका साथै स्वच्छता र सरसफाई सम्बन्धी कार्यक्रम संचालन आवश्यक रहेको औल्याए ।

थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीले पालिकाले फोहोर व्यवस्थापका लागि पालिकाले पहल गरिरहेको बताउँदै थप अझै काम गर्न आवश्यक रहेको आफूलाई महशुस भएको सुनाए । उपप्रमुख गोपालीले क्रमशः शहरीकरण भैरहेको थाहानगरको सबै किसिमको विकासलाई एकीकृत रूपले समेटेर अघि बढ्ने प्रतिक्रिया दिए । कार्यक्रममा फोहोर व्यवस्थापन तथा खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी कार्यमा शान्ति नेपाल र इन्फोसंग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताए। उनले भने–'नगर र नगरबासीको हितमा काम गर्न हामी हरदम तयार छौं ।'

कार्यक्रम थाहा नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेले संचालन गरेका थिए ।

# पालुङ बहुमुखी क्याम्पसमा भर्ना खुलेको सूचना दिन टिकटक प्रतियोगिता

◆ विकास संवाददाता

स्नातक तहका नयाँ विद्यार्थीका लागि भर्ना खुलेको विषयलाई प्रचारप्रसार गर्न पालुङ बहुमुखी क्याम्पसले टिकटक प्रतियोगिता गर्ने भएको छ। अहिले सोसल मिडियामा टिकटकको क्रेज बढिरहेको बेला सोको उपयोग गर्दै क्याम्पसले टिकटक प्रतियोगिता गर्न लागेको हो ।

क्याम्पसमा क्रियाशील स्वतन्त्र विद्यार्थी युनियनको आयोजनामा हुने प्रतियोगिताको सूचना जारी गरिसकिएको स्ववियु अध्यक्ष पुस्कल श्रेष्ठले जानकारी दिए । आगामी २० भदौसम्म प्रतियोगितामा सहभागी हुन सक्नेगरी जारी सूचनामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रू. ५ हजार, ३ हजार र २ हजार नगद पुरस्कारको घोषणा गरिएको छ ।

टिकटक क्याम्पसको नयाँ विद्यार्थी भर्ना अभियानलाई सहयोग पुग्ने हुनुपर्नेछ । प्रतियोगितामा सहभागी हुने टिकटक बढीमा ३ मिनेटसम्मको हुनुपर्ने र उक्त सामग्री उत्पादनकर्ताले आफ्नो टिकटक प्रोफाइलमा अपलोड गरी क्याम्पसको फेसबुक मेसेन्जरमा लिङ्क पठाउनुपर्ने जनाइएको छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त पालुङ बहुमुखी क्याम्पसले शैक्षिक सत्र २०८०/८१ का लागि स्नातक तहको बिए प्रथम वर्ष र बिबिएस प्रथम वर्षमा भर्ना खुलेको जनाएको छ। बिएमा अँग्रेजी, समाजशास्त्र, नेपाली र अर्थशास्त्र मुख्य विषय रहेको क्याम्पस प्रमुख राजन मिश्रले जानकारी दिए ।

# स्वास्थ्य केन्द्र परिसरमा वृक्षारोपण

◆ विकास संवाददाता



लायन्स क्लव अफ थाहा पिस र लियो क्लव अफ पिस थाहा नगरको आयोजनामा २ भाद्रमा प्राथमिक स्वास्थ्य केन्द्र पालुङ परिसरमा वृक्षारोपण गरिएको छ ।

लायन्स क्लव अफ थाहा पिसका संस्थापक अध्यक्ष तथा लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ एमका सिनियर एड्भाइजर सुरेन्द्रमान प्रधानले प्राथमिक स्वास्थ्य केन्द्र परिसरमा धूपीको बिरूवा रोपेर कार्यक्रम शुभारम्भ गरिएको हो । वृक्षारोपण कार्यक्रममा लायन्स २०२३/०२४ का अध्यक्ष गीता कार्की, निवर्तमान अध्यक्ष जयराम खत्री, लियो क्लवका अध्यक्ष रोशनी गोपाली, पूर्व अध्यक्ष कमल विष्ट, स्वास्थ्य केन्द्रका डाक्टर गगन कार्कीलगायतको सहभागिता थियो ।

धूपी, काईयो, लौठसल्लालगायतका विभिन्न प्रजातिका विरूवा रोपेका छन् । क्लवले प्रत्येक ५/६ महिनाको अवधिमा मलजलसहित गोडमेल समेत गरिने जनाएको छ ।

## आग्राको हाँडीखोलामा झोलुङ्गेपुलः

# आधा दर्जान गाउँ जोड्दै

◆ विकास संवाददाता



मकवानपुर थाहानगरेको वडा नम्बर ८ आग्रामा झोलुङ्गेपुल निर्माण भैरहेको छ। बागमती प्रदेश सरकारको लगानीमा बनिरहेको पुल ३ सय ४७ मिटर लामो रहेको छ। यो पुल मकवानपुरको दोस्रो लामो र सबैभन्दा बढि उचाइको पुल हो ।

वडा नम्बर ८ आग्राको हाँडीखोलामा निर्माणाधिन पुलले आग्रा स्वास्थ्य चौकी र वडा कार्यालयसम्म आउन जानका लागि थप सहजता हुने वडा सचिव तथा स्वास्थ्य चौकी प्रमुख लब थापाले जानकारी दिए। आर्थिक वर्ष २०७९/०७९ बाट निर्माण थालिएको पुल चालु आर्थिक वर्षमा सम्पन्न हुँदैछ । निर्माण समझौता अनुसार पुल निर्माणमा ढिलाई भएको स्थानीयहरू बताउँछन् ।

पुलले पुरान खानी, भन्ज्याङ दामगाडेलगायतको क्षेत्रमा रहेका गाउँ तथा बाहुनगाउँ, धाप, भोर्ले, लामाचौर, आग्राडाँडा, भन्ज्याङ, छापलगायतका गाउँलाई जोड्ने सचिव थापाले बताए। पुल निर्माण भएपछि आम नागरिकहरूलाई प्रशासनिक सेवा लिन वडा कार्यालय र स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकी पुग्न सहज हुने उनको भनाइ छ। साथै पुलका कारण किसानहरूलाई समेत सहयोग पुगेको बताइन्छ। वर्षातका बेला निकै समस्या झेल्दै आएका स्थानीयबासीलाई पुल निर्माणले ठूलो सहयोग हुने स्थानीयहरू बताउँछन् ।

# पालुङ प्रहरी प्रमुख खनाल सरूवा, अब श्याम थापा आउने

◆ विकास संवाददाता




इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक दुर्गा खनाल सरूवा भएका छन्। खनाल बागमती प्रदेश प्रहरी तालिम केन्द्र दुधौली सिन्धुली सरूवा भएका हुन् । ३० साउनमा खनालको सरूवा भएको हो ।

इलाका प्रहरी कार्यालय पालुङमा भने प्रहरी निरीक्षक श्याम थापा मगर आउने भएका छन् । मगर प्रहरी वृत्त नयाँबानेश्वर काठमाण्डौ अपराध नियन्त्रण शाखाबाट सरूवा भई पालुङ आउने भएका हुन् । नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभागले ३० साउनमा नेपाल प्रहरीका ९ सय ५८ प्रहरी निरीक्षकको सरूवा गरेको हो । यस्तै, कार्यालयले ६४ जना प्रहरी निरीक्षकको पदस्थापनसमेत गरेको छ ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा



जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहामा 'मेयर वडास्तरीय तरकारी पकेट कार्यक्रम'

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा नगर प्रमुख (मेयर) संग जोडेर कृषि कार्यक्रम स्वीकृत भएको छ । आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत भएको मेयर वडा स्तरीय तरकारी पकेट प्याकेज कार्यक्रमका लागि पालिकाले ३६ लाख रूपियाँ बजेट विनियोजन गरेको छ ।

स्वीकृत कार्यक्रमका लागि पालिकाको कृषि विकास शाखाले १ भाद्रमा सूचना प्रकाशन गरी किसानहरूबाट प्रस्ताव माग गरेको छ । तरकारी पकेट कार्यक्रम संचालन निर्देशिका अनुसार गरिने कार्यक्रम थाहा नगरपालिका क्षेत्रमा ३ वटा कार्यक्रम कम्तीमा १४० रोपनी क्षेत्रफलका दरले संचालन गरिने सूचनामा उल्लेख गरिएको छ । कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीहरूले सूचना प्रकाशित मितिले ३० दिनभित्र प्रस्तावना पेश गर्न सक्ने शाखा प्रमुख संजय तिवारीले जानकारी दिए ।

प्रस्ताव पेश गर्दा निवेदनसहित, दर्ता प्रमाणपत्रको दुवैतिर देखिने गरी प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्र, कार्यक्रम संचालनको लागत स्टिमेट, लालपूर्जाको प्रतिलिपि, आयोजनाको प्रस्तावना पत्र, सम्बन्धित वडा कार्यलयको सिफारिस पत्रलगायतको कागजात संलग्न गर्नुपर्ने छ ।

# तस्वीरमा बालबालिका फोटो प्रदर्शनीमा विष्टको फोटो

◆ विकास संवाददाता

काठमाण्डौंको बसन्तपुरमा २ भाद्रमा आयोजित 'तस्वीरमा बालबालिका फोटो प्रदर्शनी'मा थाहा नगरपालिकाका युवा फोटोग्राफर गणेश विष्टले खिचेका फोटोले स्थान पाएको छ ।

१८४ औं विश्व फोटोग्राफी दिवस, २०२३ तथा राष्ट्रिय फोटो पत्रकार समूह नेपाल २५ वर्ष पुगेको अवसरमा आयोजित फोटो प्रदर्शनीमा विष्टले खिचेका फोटोले स्थान पाएको हो । खेल, मनोरञ्जन र काममा खुशीका साथ सहभागी भएका बालबालिकाहरूलाई थप उत्साही बनाउने उद्देश्यले प्रदर्शनी गरिएको आयोजकले जनाएको छ । फोटो प्रदर्शनीमा राष्ट्रिय फोटो पत्रकार समूह नेपालका सदस्य समेत रहेका विष्टको एकपाङ्ग्रे ठेलामा दुईजना बालबालिकालाई राखेर एकजना बालकले गुडाएको रमाईलो फोटो प्रदर्शनीमा राखिएको हो ।

बालबालिकाहरूमा खुशीयाली ल्याउन प्रदर्शनी आयोजना गरिएको राष्ट्रिय फोटो पत्रकार समूह नेपालका अध्यक्ष प्रदीपराज वन्तले जानकारी दिए । 'बालबालिकाहरू घुम्न आउने, खेल्न आउने यस ठाउँमा विभिन्न जिल्लाका बालबालिकाहरूको क्रियाकलापहरू समेटिएको फोटो प्रर्दशन गरिएको हो । यसले बालबालिकाहरूमा खुशीयाली ल्याउन पनि मद्दत गर्दछ ।'–वन्तले भने । सिविन नेपालको समन्वयमा राष्ट्रिय फोटो पत्रकार समूह नेपालले आयोजना गरेको प्रदर्शनीमा २५ जना फोटोग्राफरहरूले विभिन्न जिल्लामा खिचेका बालबालिकाहरूले खुशीका साथ गरेका क्रियाकलापहरूका समावेश गएिको ६० वटा तस्बिर राखिएको कार्यक्रम संयोजक घनश्याम श्रेष्ठले जानकारी दिए ।

प्रदर्शनीमा बाल अधिकारको संरक्षण र प्रवर्द्धनका सन्दर्भमा समाजमा आएको सकारात्मक परिवर्तनलाई चित्रण गर्ने तस्बिरहरू राखिएको थियो ।

## आँखा पाक्ने रोगका लक्षण

– आँखा रातो हुने र चिलाउने,
– आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
– आँखाको ढकनी रातो हुने, सुन्निने
– आँखा बिझाउने/दुख्ने,
– घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने ।

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन् । यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सार्वजनिक सूचना ।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
| --- | --- | --- |
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका